THE
CARTER CENTER

*Waging Peace. Fighting Disease. Building Hope.*

**निर्वाचनपछिका प्रक्रियाबारे कार्टर सेन्टरको वक्तव्य**

**नेपालको २०७४ सालको प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिशन**

**पौष ६, २०७४**

## परिचय

मंसिर २३ मा कार्टर सेन्टरले नेपालमा दुई चरणमा (मंसिर १० र २१) सम्पन्न प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनबारे प्रारम्भिक विवरण प्रकाशनमा ल्यायो ।[1] निर्वाचनपछिका प्रक्रियाको यो वक्तव्य मतगणना समापन र मत परिणामको तालिकीकरणको सुरुआतपछिको अद्यावधिक हो । निर्वाचन परिणाम र चुनावसम्बन्धी कुनै पनि विवादहरूको फैसला बाँकी रहेकाले सेन्टरले पत्ता लगाएका तथ्य र निष्कर्षहरु प्रारम्भिक हुन् । अन्तिम प्रतिवेदन सन् २०१८ को सुरुमा प्रकाशित गरिने छ र त्यसमा नेपालमा आगामी चुनावी प्रक्रिया सबल पार्न सिफारिसहरू समावेश गरिनेछ ।

दुवै चरणका निर्वाचनहरूको मत गणना मंसिर २१ को निर्वाचनपछि सुरु भयो, र नेपालका ७७ जिल्लाहरूमा तोकिएका मतगणना केन्द्रहरूमा गणना कार्य गरियो । कार्टर सेन्टर पर्यवेक्षकहरू पहिलो चरणमा चुनाव भएका ६ जिल्ला र दोस्रो चरणमा चुनाव भएका २१ जिल्ला गरी कूल २७ मतगणना केन्द्रहरूमा थिए ।

कार्टर सेन्टरले अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सिद्धान्तको घोषणापत्र र अन्तर्राष्ट्रिय पर्यवेक्षकको आचारसंहिताका साथै निर्वाचन आयोग नेपालको आचारसंहिताअनुसार आफ्नो पर्यवेक्षण कार्यक्रम सञ्चालन गर्छ । नेपालको राष्ट्रिय कानुनी संरचना र प्रजातान्त्रिक निर्वाचनका अन्तर्राष्ट्रिय समझदारी पत्रमा नेपालले गरेका प्रतिबद्धताका आधारमा कार्टर सेन्टरले निर्वाचनको मूल्यांकन गर्छ ।

## मतगणनाको सन्दर्भ, विधि र निर्देशिका

निर्वाचन प्रक्रिया वास्तवमा लोकतान्त्रिक छ र मतदाताहरूको इच्छालाई यसले राम्ररी प्रतिविम्बित गरेको छ भन्ने सुनिश्चित गर्नका लागि सही र पारदर्शी मत गणनाले महत्वपूर्ण भूमिका खेल्छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार मतगणना प्रक्रिया स्पष्ट, निष्पक्ष र पारदर्शी हुन जरुरी छ ।[2]

[1] www.cartercenter.org/resources/pdfs/news/peace_publications/election_reports/nepal-prelim-120817.pdf

[2] अन्तर्राष्ट्रिय मानव अधिकारको विश्वव्यापी घोषणापत्र, धारा २१, नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय महासन्धि, धारा २५(ख), संयुक्त राष्ट्र संघ मानव अधिकार समिति, सामान्य टिप्पणी २५, अनुच्छेद २० ।

नेपालको मतगणना प्रक्रिया धेरै अघिका निर्वाचनदेखि नै बोझिलो र अति सुस्त रहेको देखिन्छ । समसामयिक अवस्था हेर्दा र हरेक प्रदेशमा चारवटा निर्वाचनको लागि तीनवटा मतपत्रको प्रयोग भएकोले गर्दा सन् २०१७ को प्रादेशिक र प्रतिनिधि सभाको निर्वाचनको गणनामा चुनौतीहरु थपिने अपेक्षा गरिएको थियो ।[3] प्रतिनिधि सभाका लागि पहिलो हुने निर्वाचित हुनेमा एउटा मतपत्र, प्रादेशिक चुनावका लागि पहिलो हुने निर्वाचित हुनेमा एउटा मतपत्र र दुई वटा समानुपातिक प्रक्रियातर्फ एउटा मतपत्रको प्रयोग गरिएको थियो ।

यसअघिका निर्वाचनहरुमा जस्तै, निर्वाचन क्षेत्रमा खसेका सबै मत जिल्लाको सदरमुकाममा रहेका मतगणना केन्द्रमा ल्याई गनिएको थियो ।[4] दुवै चरणका निर्वाचनको मतगणना मंसिर २१ मा दोस्रो चरणको मतदान समापन अपराह्न ५ बजे भएपछि मात्रै सुरु भएको थियो । निर्वाचन आयोग नेपालको गणना निर्देशिका हुँदाहुँदै पनि धेरै स्थानमा, दलका कार्यकर्ता र निर्वाचन अधिकृतबीच मतगणना प्रक्रिया कसरी गर्ने भन्नेबारे सहमति नभएसम्म मतगणना सुरु भएको थिएन । मतगणना कर्मचारीहरुको टोलीले पालो गरीगरी धेरै दिनसम्म २४ सै घण्टा मतगणना गरेको थियो ।

पहिलो चरणमा भएको चुनावको मतगणना ढिलो सुरु गर्ने निर्वाचन आयोगको निर्णय अन्तर्राष्ट्रिय अभ्यासको राम्रो उदाहरण हो । मतदाताको छनोटलाई कुनै पनि किसिमको प्रभाव पार्नबाट रोक्न सबै मतदाताहरुले मतदान नगरी निर्वाचनको परिणाम घोषणा गर्नु हुँदैन । तथापि, चरणबद्ध चुनावको कारण पहिलो चरणमा भएको चुनावको मतपेटिका मतगणनाको लागि खोलिनुभन्दा अगाडि १० दिन भण्डारण गर्नुपरेकोले जोखिमपूर्ण अवस्था सृजना भएको थियो । कार्टर सेन्टरका पर्यवेक्षकहरु उपस्थित रहेका चरण १ का जिल्लाहरुमा मतपेटिकाहरु सुरक्षित रूपमा ओसारियो र थन्क्याइयो । मतपेटिकाहरु निर्वाचन अधिकृतको जिम्मामा, सुरक्षा बलको कडा सुरक्षा र उत्तिकै महत्वका साथ, राजनीतिक दलकाका प्रतिनिधिहरुको निगरानीमा रहे । कार्टर सेन्टरका पर्यवेक्षकहरूले चरण १ का मतपेटिका भण्डारणसँग सम्बन्धित कुनै घटनाहरू रिपोर्ट गरेनन् ।

पहिलो चरणको मतदानपछि, निर्वाचन आयोगले आधिकारिक मतगणना प्रक्रियाहरु निर्देशिकामार्फत जारी गऱ्यो । कार्टर सेन्टरले निर्वाचन आयोगको तर्फबाट न निर्देशिका लागु गर्ने गणना कर्मचारीलाई दक्ष पार्नेतर्फ ठोस कदम चालिएको पायो न सरोकारवालाहरुमाझ गणना निर्देशिका व्यापक रुपमा बाँडिएको नै पायो । निर्देशिकाले मतगणना प्रक्रियाका धेरै पक्षमा विस्तृत विवरण प्रदान गरे पनि केही महत्वपूर्ण कमजोरी बाँकी नै रहे । यी कमजोरीहरुका साथसाथै पहिले स्वीकार गरिएका अभ्यासहरू र स्थानीय स्तरमा भएका सहमतिहरूले गर्दा यदाकदा मतगणना प्रक्रिया आधिकारिक निर्देशिकाभन्दा बाहिर गएको पनि थियो ।

**पर्यवेक्षकहरूको पहुँच**

पर्यवेक्षकको पहुँचबारे निर्वाचन आयोगले दिएको बारम्बारको आश्वासन र यसले अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको उपस्थितिलाई सहजीकरण गर्न निर्वाचन अधिकृतलाई पठाएको निर्देशनको वाबजुद, कार्टर सेन्टरलगायतका अन्य अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुलाई केही मतगणना केन्द्रहरुको प्रवेशमा अवरोध सामना गर्नुपरेको थियो । प्रवेश गर्न दिने कि नदिने र दिएमा कति समयको लागि दिने भन्ने निर्णय निर्वाचन अधिकृतको थियो र केही अवस्थामा सुरक्षा कर्मचारीले यस्तो निर्णय गरेका थिए ।

[3] संघीय प्रतिनिधि सभाका र प्रादेशिक प्रतिनिधि सभा दुवै एक मिश्रित प्रणालीमार्फत चयन गरिएको थियो जसमा केही सिटहरु पहिलो हुनेले जित्ने (एफपीटीपी) प्रणालीबाट र केही सिटहरु समानुपातिक प्रणालीबाट निर्वाचित हुन्छन् । थप जानकारीका लागि कार्टर सेन्टरको प्रारम्भिक वक्तव्य हेर्नुहोस् ।

[4] प्रत्येक जिल्लाका मतगणना केन्द्रले कम्तीमा एक संघीय प्रतिनिधिसभा निर्वाचन क्षेत्र (र कम्तीमा दुई प्रादेशिक प्रतिनिधि सभाका निर्वाचन क्षेत्रहरू) को गणना गर्नुपर्थ्यो, तर जनसंख्या अधिक रहेका ठाउँमा निर्वाचन क्षेत्रहरू बढी थिए ।

कार्टर सेन्टरका पर्यवेक्षकहरू भएका २७ जिल्लाहरूमध्ये १६ वटामा पर्यवेक्षकहरूलाई गणनामा पूर्ण पहुँच प्रदान भयो ।[5] अन्य ११ जिल्लाहरुमा कार्टर सेन्टरका पर्यवेक्षकले विभिन्न खाले प्रतिबन्ध सामना गरेका थिए । सात पर्यवेक्षक टोलीहरूले गम्भीर प्रतिबन्ध अनुभव गरे जहाँ केही मिनेटमा वा एक घन्टासम्म मात्र पर्यवेक्षणका लागि अनुमति दिइयो ।[6] तीन टोलीहरूले मिश्रित पहुँचबारे जानकारी दिए, जहाँ पर्यवेक्षकहरूले एक निर्वाचन क्षेत्रको मतगणना पर्यवेक्षणको लागि अनुमति पाए तर आडैको कोठामा भएको अर्को निर्वाचन क्षेत्रको मतगणना हेर्नको लागि अनुमति पाएनन्, अथवा उही मतगणना केन्द्रमा फरक दिनमा पर्यवेक्षकको पहुँच फरकफरक रह्यो ।[7]

एक जिल्लामा (बैतडीमा), कार्टर सेन्टर टोलीमाथि उग्र व्यवहार गरिएको थियो र मतगणनाको सुरुवात हेर्न दिइएको थिएन । निर्वाचन आयोगको हस्तक्षेपपछि, भोलिपल्ट प्रवेशको अनुमति त दिइयो, तर कर्मचारीहरु, दलका प्रतिनिधिहरु र उपस्थित अन्यको असहज व्यवहारको कारण मिशनले पर्यवेक्षण टोलीलाई अर्कै क्षेत्रमा खटायो ।

पर्यवेक्षणमा पहुँच सीमित गर्ने कारणहरू स्पष्ट थिएनन् । प्रायजसो अवस्थामा निर्वाचन अधिकृतले स्थान अभावलाई कारण देखाए । अन्य अवस्थामा, निर्वाचन अधिकृतले कुनै कारण बताएनन् वा निर्वाचन आयोगको निर्देशिकामा अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई अनुमति प्रदान गर्ने भनिए पनि कति समय भन्नेबारे नतोकिएको बताए । एक ठाउँमा, दलहरुका प्रतिनिधिबीच विवाद बढेकाले पर्यवेक्षकहरुलाई केही बेरको लागि मतगणना स्थलबाट बाहिर जान भनियो ।

युरोपियन संघको निर्वाचन पर्यवेक्षण टोलीले पनि धेरै गणना केन्द्रहरूमा पहुँचमा भएको प्रतिबन्धबारे उल्लेख गरे । राष्ट्रिय पर्यवेक्षकहरुले भने मतगणना केन्द्रहरुमा केही लचिलो गरी पहुँच पाएको देखियो, यद्यपि, यी समूहहरूले पहुँचको स्तर वा त्यस पहुँचको गुणस्तरबारे अहिलेसम्म केही उल्लेख गरेका छैनन् ।

यस महत्वपूर्ण प्रक्रियामा पर्यवेक्षकको पहुँच सीमित गर्नु अन्तर्राष्ट्रिय मापदण्ड, निर्वाचन आयोगको निर्देशिकाको आशय, र पर्यवेक्षक अनुमतिका सर्तहरु विपरीत हो । निर्वाचनको पारदर्शिता र पूर्णता सुनिश्चित गर्न, पर्यवेक्षकको उपस्थिति अपरिहार्य छ, र पर्यवेक्षकलाई सधैं पर्याप्त पहुँच दिने गरी प्रावधानहरु बनाइनुपर्छ ।

पर्यवेक्षकहरुमाथि पहुँचमा सीमा भए पनि दलका प्रतिनिधिहरुको उपस्थिति मतगणना केन्द्रमा निरन्तर देखियो । कार्टर सेन्टरले मतगणना स्थलमा दलका प्रतिनिधिहरुलाई आफ्नो काम गर्न नदिइएको पाएन र दलका प्रतिनिधिले मतगणना स्थलमा गणनासम्बन्धी कुनै उजुरी गरेको खबर पनि सुनेन ।

**मतगणना कार्य र प्रक्रिया**

*मतगणना केन्द्रको लेआउट र टोलीको व्यवस्थापन-* जिल्ला सदरमुकामहरुमा रहेका मतगणना केन्द्रको लेआउट सामान्यतया निर्वाचन आयोगको निर्देशिकाले तोकेबमोजिम नै थियो । धेरै निर्वाचन क्षेत्र र मतदान केन्द्रहरू हुने भएकाले शहरी क्षेत्रहरूमा (विशेष गरी काठमाडौं उपत्यकामा) विभिन्न सरकारी भवनहरूलाई मतगणना स्थल बनाइयो जहाँ गणनाका लागि उचित स्थान उपलब्ध थियो ।

*सुरक्षा बलको उपस्थिति-* सबै मतगणना स्थलमा अत्यधिक सुरक्षा बल खटाइएको थियो । मतपत्रलाई राजनीतिक दलका प्रतिनिधिहरुले नष्ट गर्नबाट जोगाउन भन्दै तारजाली लगाइएको थियो किनभने चितवनमा स्थानीय निर्वाचनको

[5] कार्टर सेन्टरका पर्यवेक्षण टोली बैतडी, बाँके, भक्तपुर, चितवन, डडेलधुरा, दैलेख, धनुषा, गुल्मी, झापा, कैलाली, कालिकोट, कञ्चनपुर, कपिलवस्तु, कास्की, काठमाडौं, काभ्रेपलान्चोक, ललितपुर, लमजुङ, मोरङ, नवलपरासी, नुवाकोट, पाँचथर, पर्सा, रौतहट, रोल्पा, सिरहा र सुर्खेतमा थिए ।

[6] चितवन, गुल्मी, झापा, कैलाली, कञ्चनपुर, नुवाकोट, सिरहा ।

[7] बाँके, कास्की, सुर्खेत ।

मत गणनाको क्रममा दलका प्रतिनिधिले मतपत्र नष्ट गरेपछि विवाद उत्पन्न भएको थियो । सुरक्षा बलको अत्यधिक उपस्थिति रहे पनि, पर्यवेक्षकहरुले त्यस्तो उपस्थितिले मतगणना गर्ने कर्मचारी, राजनीतिक दल र उम्मेदवारका प्रतिनिधिहरुलाई आश्वस्त बनाएको पाए । यद्यपि, सुरक्षा बलले केही अवस्थामा पर्यवेक्षकको पहुँच खुम्च्याउँदै आफ्नो जिम्मेवारीभन्दा बाहिरको काम गरे ।

*राजनीतिक दलका प्रतिनिधिहरुको उपस्थिति-* पर्यवेक्षण गरिएका सबै मतगणना केन्द्रमा राजनीतिक दलका प्रतिनिधिहरु उपस्थित थिए र सम्पूर्ण गणना प्रक्रियाको अवधिभर त्यहीँ बस्न अनुमति पाए । निर्वाचन आयोगको विस्तृत निर्देशिकाहरू हुँदाहुँदै पनि मतगणना कर्मचारी र दलहरुका प्रतिनिधिहरूले गणना गर्नुअघि मत गणनाको प्रक्रियाबारे समझदारी गरे । यसको उद्देश्य सहमतिमा पुग्नु र सम्भावित समस्याहरूलाई अघि नै सम्बोधन गर्नु थियो । यसले समग्रमा प्रक्रिया र निर्वाचनको परिणामलाई स्थानीय तहमा स्वीकार्य बनायो, तर यस अभ्यासले गर्दा जिल्लापिच्छे फरक तरिका अपनाइयो र विशेषगरी बदर मतबारे एकरुपता नभएको पाइयो ।

*मतगणना प्रक्रिया-* बेलाबेलामा मतगणना निर्देशिकाको सही पालना नगरिए पनि अथवा एकरुपता सहित लागू नगरिए पनि कार्टर सेन्टरका पर्यवेक्षकहरुले पर्यवेक्षण गर्न पाएका मतगणना केन्द्रमा मतगणना प्रक्रियालाई सामान्यतया सकारात्मक मानिएको थियो । कार्टर सेन्टरका पर्यवेक्षकहरुले पर्यवेक्षण गर्न पाएका मतगणना केन्द्रहरुमध्ये ९६ प्रतिशत मतगणना केन्द्रमा समग्रमा प्रक्रिया सकारात्मक थियो, खासगरी गणना विश्वसनीय र सही थियो । यद्यपि, पर्यवेक्षकहरूको प्रतिबन्धित पहुँचले गर्दा  प्रक्रियाको समग्र पारदर्शितालाई कमजोर पारेको छ । कार्टर सेन्टरका पर्यवेक्षकहरूले अनुमति नपाएका वा सीमित पहुँच पाएका गणना केन्द्रलाई पनि समेट्ने हो भने सकारात्मक मूल्याङ्कन गरिएका मत गणना केन्द्रको संख्या ८२ प्रतिशतमा झर्छ ।

निर्वाचन आयोगको निर्देशिकाले सम्पूर्ण मतपेटिकाहरु मतदान स्थलबाट मतगणना केन्द्रमा आइपुगेपछि मात्र मतगणना थालिने उल्लेख गरेको छ । मतपेटिकामा रहेको सिल जाँचेपछि प्रत्येक मतपेटिका राजनीतिक दलका प्रतिनिधिको उपस्थितिमा खोलिनु पर्थ्यो, साथै मतपत्रलाई घोप्टो पारी गन्ती गर्नु पर्थ्यो । यसको लगत्तै अन्य मतदान केन्द्रबाट ल्याइएका मतपत्रलाई एकआपसमा मिसाएर, तिनलाई पार्टी/उम्मेदवार अनुसार बेग्लै चाङ बनाउनुका साथै बदर मत छुट्ट्याउने र त्यसपछि ती चाङको गणना सुरु गर्ने हो ।

गणनाका क्रममा निर्वाचन आयोगका निर्देशनलाई व्यापक रुपमा बेवास्ता गरेको भेटियो । प्रायः मतगणना कर्मचारीहरुले ती निर्देशन ज्यादै झण्झटिलो एवं सुस्त भएको पाए र दलका प्रतिनिधिहरुको पनि यस्तै माने । कार्टर सेन्टरका पर्यवेक्षकहरुले मतगणना अभ्यास निर्वाचन क्षेत्रैपिच्छे र निर्वाचन अधिकृतपिच्छे फरक पाएको उल्लेख गरे । कार्टर सेन्टरका पर्यवेक्षकहरुले पर्यवेक्षण अनुमति पाएका गणना केन्द्रहरुमा आयोगका निर्देशिकाको प्रावधानमा हेरफेर भने विश्वासको आधारमा गरिएको थियो र कार्यक्षमता अझै बढोस् भन्नाका लागि थियो । यद्यपि यस्तो हेरफेरले गणनाको विश्वसनीयता र पारदर्शितामा कुनै असर पारेन । एउटा अपवाद भने मतपत्र मिसाउँदा देखियो, पर्यवेक्षकहरुका अनुसार केही थोरै गणना केन्द्रमा मात्रै निर्देशिका अनुसरण गर्दै फरक पेटिकाबाट मतपत्र मिसाइयो । निर्देशिकाअनुसार मतपत्र मिसाउनुअघि हरेक पेटिकामा कति मतपत्र छन् भनी संख्या टिपी गणना टोलीले मतपत्रको संख्या मिलान गर्नुपर्नेमा त्यसो गरेका थिएनन् । यसले गर्दा मतपत्रको संख्या मिलान कार्य असम्भव भयो ।

पर्यवेक्षकले अर्थपूर्ण पहुँच पाएका गणना केन्द्रहरुमा, प्रक्रियाहरु सामान्यतया पारदर्शी नै भेटियो । यद्यपि केही अवस्थामा गणना केन्द्रहरुमा पर्यवेक्षकले नजिकैबाट पर्यवेक्षण गर्न नपाउँदा सबै प्रक्रियागत पक्षहरु अवलोकन गर्न पाएनन् । मतपेटिका खोल्ने काम दलका प्रतिनिधिहरुको उपस्थितिमा पारदर्शी तरिकाले गरिएको थियो । प्रायः सबै अवस्थामा, मतपत्रहरु राजनीतिक दल र उम्मेदवारका सबै प्रतिनिधिहरुलाई देखाइएको थियो । कार्टर सेन्टरका पर्यवेक्षकका अनुसार बदर मतसम्बन्धी असहमतिका ससाना घटना भए पनि तिनलाई तत्कालै हल गरियो । प्रत्येक

गणना केन्द्रले मत गणनाको आंशिक परिणाम घोषणा सार्वजनिक रुपमा निश्चित समयको अन्तरालमा गरेका थिए । पहिलो हुने निर्वाचित हुने मत गणना समापन भइसकेपछि र समानुपातिक तर्फको गणना चालु रहँदा गणना क्रम अनौपचारिक बन्यो र केही गणना केन्द्रमा राजनीतिक दलका प्रतिनिधिको संख्या घटेको थियो ।

*बदर मत घोषणा-* मतगणना प्रक्रियामा मत सदर या बदर गर्दा नियम र कार्यविधिमा एकरुपता हुनसके हरेक मतदाताको समान मताधिकारको हकको संरक्षणमा मद्दत पुग्छ । यस सम्बन्धमा विद्यमान कानुन तथा निर्वाचन आयोगका निर्देशनहरु विस्तृत एवं स्पष्ट छन् ।[8] प्रायः प्रावधानहरु अन्तर्राष्ट्रिय मापदण्डको तहका छन् भने केही अलि कडा खालका छन् । खास गरी स्वस्तिक छाप प्रयोग भएको मतपत्रलाई मात्रै सदर मानिन्छ, अरु छाप मान्य हुँदैन । यसको तात्पर्य मतदाताको आशय स्पष्ट देखिए पनि मतपत्र बदर हुन्छ ।

आयोगले मत सदर या बदर भनी निश्चित गर्न गणना अधिकारीहरुका लागि मापदण्डको संक्षिप्त रुप सहितका पोस्टरहरुको व्यवस्था गरे पनि यस्तो निर्णय भने स्थानीय तहमा आपसी सहमतिमा नै गरिएको पाइयो । यसले गर्दा कहिलेकाहीँ उही गणना केन्द्रभित्र पनि एकरुपता नभएको भेटियो । मत दाताको आशयलाई सम्मान गर्ने र गणना प्रक्रियालाई अझै समावेशी गर्नलाई यससम्बन्धी नियमावली र व्यवहार सुधार्न आवश्यक देखिन्छ ।

## तालिकीकरण एवं पहिलो हुने निर्वाचित हुने परिणामको घोषणा

पहिलो हुने निर्वाचित हुनेको गणना मंसिर २७ मा सकियो, जुन तोकिएको मितिभन्दा चाँडै थियो । समानुपातिकको मतगणना पुस २ मा सकियो । पहिलो हुने निर्वाचित हुने गणनाको अन्त्यमा, राजनीतिक दल तथा उम्मेदवारका प्रतिनिधिहरुले गणना पत्रमा हस्ताक्षर गरेर परिणाम निर्वाचन अधिकृतले प्रमाणित गरेपछि सार्वजनिक गरियो । विजयी उम्मेदवारलाई प्रमाणपत्र हस्तान्तरण गरियो र समानुपातिक तर्फको नतिजा आयोगलाई तालिकीकरण गर्नका लागि इन्टरनेटमार्फत पठाइयो । समानुपातिकको नतिजाको तालिकीकरण गर्ने जिम्मेवारी निर्वाचन आयोगका सचिवको हो, जो यसका लागि प्रमुख निर्वाचन अधिकृत पनि हुन् र यससम्बन्धी प्राविधिक काम भने आयोगमा रहेको समानुपातिक एकाईले गर्छ । कार्टर सेन्टरलाई आयोगका समानुपातिक एकाई र सूचना प्रविधि व्यवस्थापन शाखामा जारी रहेको तालिकीकरण प्रक्रिया अवलोकन गर्न पर्याप्त पहुँच मिलेको थियो ।

## गणना प्रक्रिया र अन्तिम परिणामको घोषणाको निष्कर्ष

मतगणना सकिएको भए पनि र पहिलो हुने निर्वाचित हुने तर्फको प्रतिनिधिसभा र प्रदेश सभाका विजयी उम्मेदवारको नतिजाको औपचारिक घोषणा भए पनि, निर्वाचन प्रक्रिया भने अझै टुंगिएको छैन । समानुपातिक तर्फका परिणामलाई तालिकीकरण गरेपश्चात आयोगले कुन दलले कति सिट जित्यो भनी घोषणा गर्नेछ । राजनीतिक दलहरुले त्यसपछि समानुपातिकको सूचीबाट क्रमअनुसार उम्मेदवार सिफारिस गर्ने छन् र यसो गर्दा प्रतिनिधिको जात, लिंग आदिबारे प्रतिनिधित्व हुनुपर्ने कानुनी आवश्यकतालाई पनि ध्यान दिइनेछ । अन्तिम परिणामको घोषणामा भने केही ढिलाइ हुने लक्षण छ किनभने आयोगले संवैधानिक र कानुनी आधारहरुको सम्मान होस् र खासगरी एक तिहाई महिला प्रतिनिधित्व सुनिश्चित होस् भनी राष्ट्रिय सभाको सदस्यहरुको चुनाव सकिएपछि मात्रै अन्तिम विजयी प्रतिनिधिसभा सदस्यहरु घोषणा गर्ने देखिएको छ । अझै राष्ट्रिय सभाको चुनावको अप्रत्यक्ष प्रक्रियाको टुंगो लागेको छैन । यसको अतिरिक्त, चुनावी उजुरी र मुद्दाहरुको टुंगो लगाउनुपर्ने देखिन्छ । कार्टर सेन्टरको चुनावी पर्यवेक्षण मिशनले यी सबै प्रक्रियाहरुलाई ध्यान दिनेछ र आफ्नो आन्तिम प्रतिवेदनमा यसबारेका घटनाक्रमलाई समावेश गर्नेछ ।

[8] निर्वाचन आयोगको मत गणना निर्देशिकाको धारा २२ मा मतपत्र बदर हुने १६ वटा प्रकार उल्लिखित छन् । यसले मतदाताको मनसायको सन्दर्भबारे केही भनेको छैन ।